*मिति: २०८२।१०।०८ गते* *बैठक नं. ७७*

आज मिति २०८२।१०।०८ गते बिहीवारका दिनको दिउँसो ०३:३० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | [signature] |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | [signature] |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | [signature] |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | [signature] |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | [signature] |

मिति: २०८२।१०।०८ गते

गाउँ कार्यपालिका

बैठक नं ७७

| क. सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | आगामी हिउँदे गाउँसभाको प्रस्ताव एवं कार्यसूची सम्बन्धमा। | |
| ३ | गृहिणी महिला सशक्तीकरण कार्यक्रम सम्बन्धमा। | |
| ४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा। | |
| ५ | विविध १, २ र ३ | |

सर्केश घले
अध्यक्ष

मिति: २०८२।१०।०८ गते | गाउँ कार्यपालिका | बैठक नं. ७७

निर्णयहरु

*निर्णय नं. ०१*

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट पूर्व विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा पूर्ण प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०२*

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को हिउँदे गाउँसभाको देहायानुसारको प्रस्ताव एवं कार्यसूची स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| चालु आ.व. २०८२।०८३ को हिउँदे गाउँसभाको प्रस्तावहरु | | |
|---|---|---|
| प्र.नं. | विवरण | कैफियत |
| १ | बागमती गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लगायतका विविध कानुन एवं कार्यविधि सम्बन्धमा। | |
| २ | आ.व. २०८२।०८३ को संशोधित वार्षिक कार्यक्रम तथा बजेट सम्बन्धमा। | |
| ३ | आ.व. २०८२।०८३ को हाल सम्मको खर्च सम्बन्धमा। | |
| ४ | बागमती गाउँपालिकाको गत विगतका लेखापरीक्षण प्रतिवेदन एवं आ.व. २०८१/०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा। | |
| ५ | विषयगत समिति लगायतका अन्य महत्वपूर्ण समिति एवं विषयगत शाखाको कार्यप्रगति प्रतिवेदन तथा गाउँ कार्यपालिका एवं कार्यालयका निर्णयहरु सम्बन्धमा। | |
| ६ | विविध। | |

| बागमती गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को हिउँदे गाउँसभाको कार्यसूची | | | | |
|---|---|---|---|---|
| प्रथम बैठक | | | | |
| क्र. सं. | मिति | कार्यसूची | समय (बजे) | कै. |
| १ | २०८२।१०।१५ गते | सभाध्यक्षको आगमन | ११:०० | |
| २ | " | धुन सहित राष्ट्रिय गान | ११:०२ | |
| ३ | " | बैठक आरम्भको घोषणा | ११:०३ | |
| ४ | " | सहिदहरुप्रति सम्मान | ११:०५ | |
| ५ | " | बैठकको कार्यसूची प्रस्तुतः | ११:१५ | |
| ६ | " | कार्यसूचीः | | |
| | | १. बागमती गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२ प्रस्तुत | ११:२५ | |
| | | २. संशोधित कार्यक्रम तथा बजेट प्रस्तुत | १२:०० | |
| | | ३. विविध (विषयगत समिति, विषयगत शाखाका प्रतिवेदन, हाल सम्म भएका खर्च तथा प्रगति, लेखापरीक्षण प्रतिवेदन लगायतका अन्य विविध | १३:०० | |

सर्केश घलान

अध्यक्ष

| | | विषयहरु | | |
|---|---|---|---|---|
| ७ | ,, | विशेष समय | १३:१० | |
| ८ | | प्रस्तावहरु अनुमोदन | १३:३० | |
| ९ | ,, | स्थगन (खाजा समय) | १४:०० | |
| १० | ,, | शून्य समय | १४:१५ | |
| ११ | ,, | हिउँदे अधिवेशन समापन | १४:३० | |

*निर्णय नं. ०३*

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह छनौट सम्बन्धी मिति २०८२/०९/२३ गते प्रकाशित सूचना अनुसार गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ५ बमोजिम तालिम तथा व्यवसायको विषय क्षेत्र १(ज) को हस्तकला तथा तयारी पोसाक अन्तर्गत **"उलन फेल्ट ह्याण्डीक्राफ्ट (हस्तकला) तालिम कार्यक्रम"** संचालनका लागि अनुमानित कुल लागत रकम रु.१२ लाख मध्ये रु.२,००,०००।- अर्थात् १६.६७ प्रतिशत बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को सङ्घीय सरकार, प्रदेश सरकार एवं अन्तर स्थानीय तह साझेदारी कार्यक्रम शीर्षकमा विनियोजित बजेट मध्येबाट लागत साझेदारी व्यहोर्ने गरी कार्यक्रम प्रस्ताव पेश गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०४*

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा), सानोठिमी, भक्तपुरको च.नं. ५१, मिति २०८२/०९/२९ गतेको प्राप्त पत्रानुसार आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बजेट उपशीर्षक नं. ३५०००१०९ राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. ११.६.९.१३ मा गुरूयोजना बमोजिम तराई मधेशमा १५००, पहाडमा ७०० र हिमालमा ३०० भन्दा बढी विद्यार्थी भएका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणका लागि पुँजीगत अनुदान शीर्षक अन्तर्गत विनियोजन भएको बजेट कार्यान्वयन गर्नको लागि उक्त कार्यालयबाट मिति २०८२।०४।१५, २०८२।०४।२६ र २०८२।०५।१५ मा प्रकाशित सूचना बमोजिम EMIS मार्फत विद्यालयले भरेको भौतिक सर्वेक्षणको अद्यावधिक विवरणको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२।०८।१५ को स्वीकृत गुरुयोजना (माननीय मन्त्रीस्तरीय) अनुसार गुरूयोजनाले प्राथमिकता निर्धारणको क्रममा यस गाउँपालिकाको वडा नं. ०५ को ज्यामिरेमा **अवस्थित श्री देवकी माध्यमिक विद्यालयलाई ४ (चार) कोठे विद्यालय भवन निर्माण**का लागि छनौट गरी **रु. ६०,००,०००.०० (अक्षरेपि साठी लाख)** बजेट रकम पठाई कार्यक्रम कार्यान्वयनका लागि अनुरोध भए अनुसार छनौटमा परेको श्री देवकी माध्यमिक विद्यालयका लागि उपलब्ध बजेटको मापदण्डानुसार कार्यान्वयानार्थ नियमानुसार आवश्यक प्रक्रिया अगाडि बढाई कार्यान्वयन गर्न गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

मिति: २०८२।१०।०८ गते　　　　　　　　गाउँ कार्यपालिका　　　　　　　　बैठक नं. ७७

निर्णय नं. ०५

**प्रस्तावित विषय नं. ०५** विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय हेटौंडा, मकवानपुरको मिति २०८२/०९/२८ गते **एक स्थानीय तह एक प्रमुख उद्योग** कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी प्रकाशित सूचना अनुसार यस बागमती गाउँपालिकाको वडा नं. ०५ कोइरालेमा स्थापना एवं संचालन हुने गरी पशुपंक्षीको विकास एवं प्रवर्द्धनका लागि अति आवश्यक पर्ने स्थानीय दाना उद्योग अन्तर्गत साइलेज उद्योग स्थापनार्थ सोको पूर्वाधार निर्माण, संचालन र व्यवस्थापनका लागि प्रस्ताव पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

२. बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद्, हेटौंडा मकवानपुर र बागमती गाउँपालिकाको बीचमा सीपमूलक तालिम कार्यक्रम संचालन सम्बन्धी भएको सम्झौता मुताबिक शर्त नं. ०४ मा उल्लिखित प्रावधान अनुसार खर्च भएर जाने सामानहरु बापतको रु.९९,९९६ र प्रशिक्षार्थी खाजा खर्च बापतको रु. १,३०,०००।- गरी जम्मा रु.२२९९९६।-(अक्षरेपि दुई लाख उनानतीस हजार नौ सय छायानब्बे) रकम बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा विनियोजित सङ्घीय सरकार, प्रदेश सरकार एवं अन्तर स्थानीय तह साझेदारी कार्यक्रम खर्च शीर्षकबाट व्यहोर्ने।

३. यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८२।०८३ मा विनियोजित आपत् विपद्मा परेका स्थानीय नागरिकहरुलाई आर्थिक सहायता प्रदान खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने।

देहाय

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | सोम बहादुर गोले | बागमती-०१ | १०००० | |